# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.: ०८३।०८४
चलानी नं.:

ने.स.- ११४६

***बुद्धभूमि नगरपालिकाको चमेना गृह (घर भाडा) सम्बन्धी***
***शिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हानको सुचना***
***ठेक्का नं.5/BM/REV/2083/084***

प्रथम पटक प्रकाशित मिति २०८३।०५।०३

स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद-९ को दफा ५९ मा भएको ब्यवस्था बमोजिम यस नगरपालिकाको वित्तिय अधिकार क्षेत्र र नगर कार्यपालिकाको मिति २०८३।०४।२८ गते को निर्णयानुसार यस नगरपालिका अन्तर्गतका बुड्ढी तालको परिसरमा रहेको घर बहालको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले (आर्थिक बर्ष २०८३/०८४ र २०८४/०८५ को लागि ) तोकिएको न्युनतम मासिक दररेटमा नघट्ने गरी घर बहाल बिटौरी (आन्तरिक आय ) ठेक्का बोल कबोल गर्न तपसिलका शर्तको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक व्यक्ति,फर्म वा संस्थाका लागि ७ दिने यो सुचना आव्हान गरिएकोछ ।

प्रमुख प्रशासकीय अधिकृत
यमकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

१ कार्यालय समय भित्र ठेक्काको दरखास्त फराम रु.१०००।तिरी खरिद गर्न सकिने छ (राजस्व फिर्ता नहुने गरी )

१ क्यान्टिन सञ्चालन अवधि सम्झौता मितिले २ वर्षको हुनेछ । २ वर्षसम्म सम्झौताका शर्तनामाहरुको अधिनमा रहेर क्यान्टिन सञ्चालन/व्यवस्थापन गर्नुपर्नेछ । सेवा सन्तोषजनक देखिएमा बढीमा १ एक वर्षसम्म सम्झौता अवधि थप गर्न सकिनेछ ।

२ भवन (घरको) मासिक रुपमा रु.५,०००। भाडाका दरले क्यान्टिन सञ्चालकले कम्तिमा चौमासिक भाडा अग्रिम नगरपालिकालाई बुझाउनु पर्नेछ । चौमासिक भित्र नबुझाएमा विलम्व शुल्क वापत १० प्रतिशत थप गरी अशुल उपर गरिनेछ ।

३ शिलबन्दी दरभाउपत्र दाताले खामको बाहिर पट्टि ठेक्का नं,ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

४ शिलबन्दी दरभाउपत्र खरिदकर्ताले दरभाउपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी, कर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, फर्म दर्ता र नवीकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपी साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ । ब्यक्तिको हकमा नागरिकताको प्रतिलिपी, प्यानमा दर्ता भएको प्रमाण पेश गर्नु पर्नेछ ।

५ भाडा लिन चाहने इच्छुक ब्यक्ति, फर्म/कम्पनीहरुले बार्षिक कबोल अंकको धरौटी ५ प्रतिशत धरौटी राख्नुपर्नेछ । धरौटी बापत यस बुद्धभूमी नगरपालिकाको कार्यालय, बुडढी, कपिलवस्तुको नाममा रहेको गोरूसिगें स्थित एन.एम.बी. बैंक, धरौटी खाता नं ४४००५५९९७६०००४१ मा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा १२० दिन म्याद भएको मान्यता प्राप्त (क) श्रेणीको बैंकको जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गरेको हुनुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन ।

६ शिलबन्दी दरभाउपत्र खरिद कर्ताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएका सिलबन्दी दरभाउ पत्र फिर्ता तथा संशोधन हुनेछैन ।

७ रितपूर्वक दाखिला भएका शिलबन्दी दरभाउपत्र मध्ये बढी वालाको शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुनेछैन ।

८ विशेष गरेर क्यान्टिन तथा परिसरको सरसफाईमा अत्याधिक ध्यान पुर्याउनु पर्नेछ, क्यान्टिनबाट दैनिक निस्कने फोहोरहरुको व्यवस्थापन स्वयंले गर्नुपर्नेछ सो सम्बन्धमा नगरपालिकाबाट बेला बेलामा निरीक्षण तथा निर्देशन गर्नेछ र त्यस्तो निरीक्षण गर्दा दिइएको निर्देशन बमोजिम सरसफाई कार्य अगाडी बढाउनुपर्नेछ ।

९ नगरपालिकाले उपलब्ध गराएको विद्युत तथा खानेपानी प्रयोग गरे वापत मिटरमा उठेको युनिटको आधारमा विद्युत तथा खानेपानीको महशुल बापत हुन आउने रकम प्रत्येक महिनाको अन्तमा नियमानुसार नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।

१० सम्झौता बमोजिम कार्य नगरेमा कार्य सम्पादन जमानत जफत गरि जुनसुकै बखत सम्झौता रद्द हुनेछ ।

शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन या दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

रमाकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.: ०८३।०८४
चलानी नं.:

ने.स.- ११४६

११ कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ समाधान हुन नसके यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१२ ठेक्का सम्झौता पश्चयात दोस्रो पक्षले सम्झौता अवधि पहिलै ठेक्का तोड्न चाहेमा धरौटी बापत राखेको रकम जफत गरिने छ ।पहिलो पक्षले हटाउन चाहेमा १५ दिन र दोस्रो पक्षले ३ महिना अगवै सुचना दिनु पर्नेछ ।

१३ प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउन पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरूको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१४ यस सूचनामा उल्लेख भएका शर्तहरू यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रूपमा मानिनेछन ।

१५ चमेना गृह संचालकले चमेना गृह संचालन गरे वापत कुनै सरकारी कर दस्तुर लागेमा छुट्टै बुझाउनु पर्नेछ ।

१६ यस सूचना उल्लेख भएको विषय यसै सुचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

यमकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत